# कोषको सुन्धारास्थित व्यावसायिक भवन (काठमाण्डौ मल) भाडामा दिने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०८१/१२/२६)**

१. कोषको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२२ सुन्धारास्थित व्यावसायिक भवन (काठमाडौं मल) को खाली रहेका स्थानहरु एकमुष्ठ भाडामा लिन इच्छुक व्यक्ति वा फर्म/कम्पनी वा संस्थाहरुबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ :-

| न्युनतम भाडादर (प्रति वर्ग फिट) रु. | क्षेत्रफल व.फि. | मासिक भाडा रकम रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|
| १३९.०० | ६०,१०८.८९ | ८३,५५,१३५.७१ | ८३,५५,१३५.७१ |

२. इच्छुक व्यक्ति, फर्म/कम्पनी वा सस्थाले कर्मचारी सञ्चय कोषको पुल्चोक स्थित नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडमा रहेको कर्मचारी सञ्चय कोषको **खाता नं. ००४०१०१०२५४३७३** मा रू. १,०००/- (एक हजार मात्र) (फिर्ता नहुने) बुझाएको सक्कल प्रति भौचर र लिखित निवेदन पेस गरी यो सूचना प्रकाशित भएको मितिले **३० औं** दिन अर्थात् मिति २०८२/०१/२४ गते कार्यालय समयभित्र कर्मचारी सञ्चय कोष, सम्पत्ति ब्यवस्थापन विभाग, पुल्चोक तथा भवन व्यवस्थापन एकाइ सुन्धाराबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन् ।

३. यसअघि कोषको कुनैपनि जग्गा तथा भवन भाडामा लिई कोषलाई भाडा वापत तिर्नु बुझाउनु पर्ने रकम बाँकी बक्यौता भएका व्यक्ति/फर्म/कम्पनी/संस्था यस भाडा प्रक्रियामा सहभागी हुन पाउने छैन ।

४. बोलपत्रदाताले कोषबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले **३१ औं** दिन अर्थात् मिति **२०८२/०१/२५ गते दिनको** १२:**१५** बजेभित्र कर्मचारी सञ्चय कोष, पुल्चोकमा बुझाई सक्नु पर्नेछ । तोकिएको मिति र समय पश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन ।

५. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ **औं दिन अर्थात् मिति** २०८२/०१/२५ गते दिनको १:०० **बजे** बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहवरमा कर्मचारी सञ्चय कोष, पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभागमा खोलिनेछ ।

६. बोलपत्र जमानत रकमको विवरण बोलपत्र आवेदन फारममा उल्लेख गरिएको छ । सो अनुसारको जमानत रकम पुल्चोकस्थित नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडमा रहेको कर्मचारी सञ्चय कोषको खाता नं.००४०१०१०२५४३७३ मा सम्बन्धित बोलपत्रदाताकै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै वाणिज्य बैंकले कोषको नाममा जारी गरेको बोलपत्र **दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा** १२० (**एक सय बिस**) **दिन म्याद कायम** रहेको सर्त रहितको सम्बन्धित बोलपत्रदाताकै नाममा रहेको बैंक ग्यारेण्टीको सक्कल प्रति बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

७. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

८. एकजना बोलपत्रदाताले एउटा मात्र बोलपत्र पेस गर्न सक्नेछ ।

९. बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अगावै उक्त भवनको स्थलगत अवलोकन गर्नु पर्नेछ ।

१०. बोलपत्रदाताले पेस गरेको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने/आंशिक स्वीकृत गर्ने जस्ता सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ ।

११. बोलपत्रको खाम बाहिर "**कोषको सुन्धारास्थित काठमाडौं मलको ६०,१०८.८९ व.फि.क्षेत्र भाडामा लिने सम्बन्धी बोलपत्र**" भनी प्रष्ट लेखी बोलपत्र जमानत साथै आवश्यक कागजातहरु समेत संलग्न गरी सिलबन्दी गरी आधारभूत र वित्तीय प्रस्ताव छुट्टाछुट्टै भरी रीतपूर्वक कोषमा बुझाउनु पर्नेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न रहेको अनुसूची ७ बमोजिमको कागजातमा उल्लेख रहेको छ । थप जानकारी आवश्यक भएमा कोषको पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभाग वा भवन व्यवस्थापन इकाइ, सुन्धारामा सम्पर्क गर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
**सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।**
**फोन नं.: ०१-५०१०००९, पुल्चोक, ०१- ५३१३३७०, काठमाडौं मल**
**इमेल :** assetmanagement@epf.org.np